जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२३ पृष्ठः ४ | २०८२ भदौ १६ गते सोमबार (Monday 01 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानमा जसपा नेपाल द्वारा भुमि विधेयक बिरुद्ध बृहत् आन्दोलन




सिरहा, १५ भदौ। सिरहाको लहानमा जसपा नेपाल क्षेत्र नं.–१ समितिको आयोजनामा आइतबार दिउँसो बृहत् विरोध प्रदर्शन तथा कोणसभा सम्पन्न भएको छ। कार्यक्रम दिउँसो ३ बजे पशुपति आदर्श माध्यमिक विद्यालय प्राङ्गणबाट गोलबन्ध भई नारा–जुलुस गर्दै बजार परिक्रमा गरिएको थियो। जुलुस सहिद पार्क अगाडि पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभाको अध्यक्षता क्षेत्र नं.–१ का क्षेत्रीय अध्यक्ष प्रयागलाल यादवले गर्नुभएको थियो।

आन्दोलनमा क्षेत्रभरिका नेता, कार्यकर्ता तथा आम नागरिकहरूको उल्लेखनीय सहभागिता देखिएको थियो। कार्यक्रममा प्रमुख वक्ताका रूपमा मा. राजकुमार गुप्ता, ललिता दास, जिल्ला अध्यक्ष अशोक यादव, प्रयागलाल यादव, दिनेश महतो ,युवा तथा विद्यार्थी नेता दिपेश यादव, लहान नगरपालिकाका उप–प्रमुख रामचलितर महतो, लहान नगर अध्यक्ष रामउदगार महतो, जितेन्द्र महतो, शिव उदगार यादव, विजय यादव, शत्रुधन मण्डल, ललिता यादव लगायतको उपस्थिति रहेको थियो। त्यस्तै प्रेस मञ्च नेपाल मधेश प्रदेश अध्यक्ष अभरेन्द्र यादवसहित अन्य शीर्ष नेतृवर्ग पनि कोणसभामा उपस्थित थिए।

जुलुसमा "राष्ट्रिय घाति विधेयक फिर्ता गर", "केपी तेरो पाराले दुःख पायो साराले", "भूमि विधेयक फिर्ता गर" जस्ता नाराहरू गुन्जिएका थिए। सहभागीहरूले बजार परिक्रमा गर्दै विधेयक विरुद्ध आवाज बुलन्द गरेका थिए।

कोणसभामा सम्बोधन गर्ने वक्ताहरूले सरकारले ल्याएको भूमि विधेयक गरिब, दलित र भूमिहीनहरूको हितविपरीत रहेको भन्दै कडा आपत्ति जनाए। उनीहरूले यस विधेयक लागू भएमा चुरे क्षेत्रको विनाश, वन संहार, पानीको हाहाकार र मधेशमा खडेरी जस्ता गम्भीर समस्या निम्तिने चेतावनी दिए। नेताहरूले यस्तो विधेयक कुनै हालतमा स्वीकार्य नहुने स्पष्ट पार्दै तत्काल खारेजीको माग गरे।

त्यसैगरी, १९ वर्षअघि भएको गौर हत्याकाण्डलाई राजनीतिक प्रतिशोधका आधारमा प्रयोग गरी राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई झूटो मुद्दामा फसाउने सरकारी षड्यन्त्र भइरहेको भन्दै नेताहरूले तीव्र आपत्ति जनाए। उनीहरूले गौर हत्याकाण्डलाई जसपा नेपाललाई कमजोर पार्ने उद्देश्यले प्रयोग गरिएको आरोप लगाउँदै यसको कडा विरोध प्रकट गरे।

वक्ताहरूले जसपा नेपाल सदैव गरिब, दलित, मुस्लिम, अल्पसंख्यक र उत्पीडित वर्गका अधिकारका लागि राजनीति गर्दै आएको स्मरण गराउँदै, मुद्दा र षड्यन्त्रबाट पार्टीलाई डराउन सकिँदैन भन्ने चेतावनी दिए। कार्यक्रमलाई सम्बोधन गर्दै सांसद राजु गुप्ताले सरकार विधेयक फिर्ता गर्न नमाने अझ शक्तिशाली आन्दोलनको कार्यक्रम ल्याइने चेतावनी दिए। उनले संसदभित्र र सडकमा दुवै मोर्चामा संघर्ष गरिने बताए।

सांसद गुप्ताले थप्नु भयो जसपा नेपालले आफ्नो धाणा स्पष्ट पारेको छ कि, भूमि विधेयक कुनै पनि हालतमा मान्य हुने छैन र आवश्यक परे देशभर अझ तीव्र विरोध कार्यक्रम सञ्चालन गरिनेछ।

## गोलबजारमा खानेपानी आयोजना पूरा हुने चरणमा



सिरहा, १५ भदौ। गोलबजार नगरपालिका–३ चुरे फेदीस्थित बूढी जमदह गाउँमा दशकौंदेखिको खानेपानी अभाव अब अन्त्य हुने भएको छ। 'सबल नेपाल र वेल्थहङ्गरहिल्फे'को सहयोगमा निर्माणाधीन ४० हजार लिटर क्षमताको निर्माणाधीन ट्यांकीको ६० प्रतिशत काम सम्पन्न भएसँगै जमदहका बासिन्दाको खानेपानी समस्या समाधान हुने चरणमा पुगेको हो। एकहत्तर लाखको लागतमा निर्माणाधीन आयोजनामा स्थानीयको श्रमदान र नगरपालिकाले सहयोग गरेको छ। हालसम्म पाइप बिछ्याउने र धारा जडान भइसकेको छभने अन्य संरचना पनि धमाधम निर्माण भइरहेका छन्। हाल अस्थायी संरचना प्रयोग गरी ५१ घरमा स्वच्छ खानेपानी आपूर्ति भइसकेको छ।

## जनकपुर तनावग्रस्त, प्रहरीले गर्‍यो हवाई फायर



जनकपुरधाम, १५ भदौ। धनुषाको जनकपुरधाम उपमहानगरपालिका २० देवपुरा रूपैठामा आज हिन्दू समुदाय र प्रहरीबीच झडप भएको छ। अहिले त्यहाँको अवस्था तनावग्रस्त छ। धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहका अनुसार स्थिति नियन्त्रणमा लिन केही सेल अश्रुग्यास प्रहार र हवाई फायर गरिएको छ।

स्थानीय झन्डाचोकमा रहेको टावरलाइट पोलमा मुस्लिम समुदायले लगाएको हरियो झण्डाको विषयमा हिजो विवाद हुँदा दुई समुदायबीच झगडा भएको थियो। गणेश पूजाको मूर्ति विसर्जन गरी फर्किने क्रममा सो झण्डा हटाउन खोज्दा झडप भएको थियो। त्यस क्रममा

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## हैजाका लक्षण र बच्ने उपाय

**लक्षणः**

- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार वान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने।

**बच्ने उपायहरुः**

- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- भोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीको स्पष्ट अडान

ऐतिहासिक तथ्यहरूलाई बेवास्ता गर्दै नेपाली भूमि लिपुलेकलाई व्यापारिक नाका बनाउन भारत र चीनले आपसमा दुई पक्षीय सहमति गर्नु 'हेपाहा' प्रवृत्ति हो। दुई शक्तिशाली छिमेकीले नेपालको भूमिका सम्बन्धमा सहमति गर्दा नेपाललाई संलग्न गराउनु त परै रहोस् विगतमा यस्तै सहमति गर्दा सन् २०१५ मा नेपालले पठाएको 'कूटनीतिक नोट'को समेत बेवास्ता गरे।

लिपुलेकका विषयमा यसपटक पनि चीन र भारतले आपसमा सहमति गरेको सहमति हुनेबित्तिकै नेपालले दुवै देशलाई कूटनीतिक नोट पठाएर आपत्ति र असहमति जनाएको थियो। अहिले चीन भ्रमणमा रहेका 'प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा नेपालको 'आपत्ति' औपचारिकरूपमा प्रस्तुत गरेका छन्। विगतमा नेपालभित्र चर्को कुरा गर्ने र विदेशमा यस्ता प्रसंग नै नउठाउने भनेर राजनीतिक नेतृत्व बदनाम हुँदैआएको थियो। त्यसविपरीत यसपटक चीन भ्रमणमा रहेका प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सामु सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभाग नेपालको भएको स्पष्ट पार्दै त्यसमा नेपाललाई चिनियाँ सहयोगको अपेक्षासमेत गरेका छन्।

चिनियाँ राष्ट्रपति सीबाट सीमा विवाद सुल्झाउने दायित्व नेपाल–भारतकै भएको र नेपालको दाबीमा चीनबाट अप्ठेरो नपारिने आश्वासन दिइएको छ। यद्यपि, चीन भ्रमणमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा भने राष्ट्रपति सीले दुई देशबीचको सहमतिप्रति प्रतिबद्धता दोहोर्‍याएको समाचार पनि सार्वजनिक भइसकेको छ। लिपुलेक नाका नेपाल, भारत र चीनबीचको त्रिदेशीय विन्दुमा पर्ने हुनाले त्यसको उपयोगमा तीनवटै मुलुकको सहमति हुनुपर्छ । कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको नेपाली भूमि हाल भारतको नियन्त्रणमा छ।

ओलीले त्यसरी 'आपत्ति' व्यक्त गर्नु सही र साहसिलो अभ्यास हो कारण, भारतसँग भएको सहमतिको एउटा पक्ष चीन हो। नेपालका प्रधानमन्त्रीको आपत्तिपछि असल छिमेकीका रूपमा चीनलाई सहमतिका विषयमा पुनःविचार  नैतिक दबाब पर्नुपर्ने हो। अब चीनले छिमेकीप्रति कस्तो रवैया अपनाउँछ भन्ने यस विषयबाट पनि स्पष्ट हुनेछ।

अहिलेसम्म चीन नेपालको असल मित्र हो भन्ने छवि नेपाली जनमानसमा छ। त्यसलाई जोगाउनका लागि पनि अब चीनले नेपालको सार्वभौम सत्ताको सम्मान जोडिएको विवादमा मौन रहन मिल्दैन। भारतले लिपुलेक र वरपरको नेपाली भूमिमा बलपूर्वक आधिपत्य जमाएका कारण नेपाललाई बाहिरै राखेर सहमति गर्न खोज्नु अनुचित भए पनि अस्वाभाविक होइन। तर सन् २०१५ को सहमतिमै नेपालले आपत्ति प्रकट गरी 'कूटनीतिक नोट' पठाएको हेक्का चिनियाँ पक्षले त राख्नुपर्ने हो। चीन कूटनीतिक व्यवहारमा परिपक्व मानिने गर्छ। यसैले चीनले पनि यसरी बेवास्ता गर्नु कदाचित भारतकै 'अतिक्रमणकारी' प्रवृत्तिको अनुमोदन त होइन भन्ने सन्देह उब्जेको छ।

भारत र चीनबीच सन् १९६२ मा युद्धका क्रममा लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रमा भारतीय सेना प्रवेश गरेको थियो। नेपालले उतिबेलै भारतीय सेनालाई त्यस क्षेत्रबाट फिर्ता पठाउने प्रयत्न नगर्दा भारतले अतिक्रमण कायम राख्यो। त्यतिबेला नेपालमा राजा महेन्द्रको प्रत्यक्ष शासन थियो।

असल छिमेकीको चरित्र देखाउँदै चीन उक्त आपत्तिजनक सहमतिबाट बाहिरिएमा भारतमाथि पनि नेपालसँग वार्ता गरेर अतिक्रमित क्षेत्र खाली गर्न नैतिक दबाब पर्नेछ। यस्तै लिपुलेक नाकासम्बन्धी सहमतिमा पुनर्विचारको संकेत नदेखिएमा नेपालले सघन कूटनीतिक प्रयास जारी राख्नुपर्छ।

नेपाली राजनीतिक नेताहरूको राष्ट्रभक्ति विदेशमा विशेषगरी छिमेकी देशका शासकसामु ओइलाउने गरेको इतिहास राणाकालदेखि नै निरन्तर छ। विगतमा २०७२ को नाकाबन्दीमा लिएको अडान र नयाँ नक्सा जारी गरेपछि ओली 'राष्ट्रवादी नेता'को छवि बनाएका थिए। यही छविले ओलीले आफू र आफ्नो दललाई लोकप्रिय पनि बनाए। तर, संसदबाट लिपुलेक सामेल नक्सा जारी भएपछि भने अतिक्रमित भूमि फिर्ता गराउन खासै कूटनीतिक प्रयत्न भएन। नेपालले छिमेकीसँग सम्बन्ध बिगार्न चाहनु हुँदैन तर सार्वभौम सत्ताका प्रश्नमा कसैसँग सम्झौता गर्न पनि सकिँदैन। यो सन्देश दुवै छिमेकीलाई स्पष्टसँग दिनुपर्छ भने विश्व सामु पनि स्पष्ट पारिनुपर्छ। यस्ता संवेदनशील विषयलाई आन्तरिक राजनीतिक नारा, चुनावी मसला, भाषणमा प्रयोग गर्नुको साटो विश्व जनमत निर्माणमा प्रयोग गरिनुपर्छ । प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा यो विषय चिनियाँ राष्ट्रपति समक्ष राखेर सराहनीय अभ्यास सुरु गरेका छन्। अब यस साहसपूर्ण गम्भीर कूटनीतिक प्रयासले निरन्तरता पाओस्।

# झोले : झोला बोक्ने कि विवेकशून्य ?



**दीर्घबहादुर चन्द 'सुमन'**

'मिक्स्ड मार्सल आर्ट' (एमएमए) विधाको 'म्याट्रिक्स फाइट नाइट' (एमएफएन) प्रतिस्पर्धाको ब्यान्टम वेट श्रेणीमा च्याम्पियन भएका खेलाडी रवीन्द्र ढाँटलाई जब सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालयमा निमन्त्रणा गरी बधाई दिँदै सम्मान गर्नुभयोन्र चिया बिस्कुट खुवाएर बिदाइ गर्नुभयोन्र तब सामाजिक सञ्जाल लगायत नेपाली मिडियामा उक्त कार्यको प्रशंसा भन्दा नकारात्मक टिप्पणी बढी भयो। यस पंक्तिकारले सञ्जालमा पोस्ट गरिएको कुनै एक नकारात्मक स्ट्याटसमा 'राष्ट्रपतिले बोलाएर बधाई दिनु र सम्मान गर्नु पनि कुनै पुरस्कारभन्दा कम होइन, सकारात्मक बनौँ' भनेर टिप्पणी गरेको थियो। त्यसमा सबैभन्दा पहिलो कमेन्ट नै 'झोले' भन्ने थियो। यद्यपि धेरैले नकारात्मक कमेन्ट गर्नुका साथै केहीले मेरो टिप्पणीलाई सकारात्मकताका साथ लाइक पनि गरे, तर उक्त झोले भन्ने कमेन्टले मेरो मानसपटलमा एक प्रकारको हलचल नै मच्चायो, मेरो अस्तित्व र विवेकले उक्त झोले शब्द पचाउन सकेन र यो लेख लेख्न बाध्य भएँ।

सम्माननीय प्रधानमन्त्री केपी वलीले आफू जनताको झोले भएको र जनताको कल्याणका लागि जनताको झोला बोकिरहने भन्ने भावसहितको घोषणा गरेका थिए। त्यसपश्चात् नेकपा एमालेले 'झोले अभियान' नै चलाएको थियो, यद्यपि उक्त अभियानले समाजमा सोचेजस्तो सकारात्मकता पैदा गरेन। मेरो राजनीतिक चेतनाले मूलधारका कुनै राजनीतिक पार्टीलाई समर्थन गर्न सक्ला तर हाल म कुनै पनि राजनीतिक पार्टीसँग आबद्ध छैन।

**झोले व्यक्ति हो कि मानसिकता ?**

नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा नेपाली बृहत् शब्दकोश अनुसार झोले भनेको अर्काको झोला बोक्ने, झोल भएको, रसदार र झोला भिरेर हिँड्ने भनेर अर्थ्याइएको छ। झोले भनेको सम्पत्तिका नाममा झोला मात्र भएको मान्छे हो वा झोला बोक्ने मान्छे हो, चोक्याको सट्टा झोल मन पराउने मान्छे वा लागु पदार्थको नसामा झुलिरहेका मान्छे हो ?वा, के हो त झोले ? राजनीति फोहोरी खेल हो। सत्यवादी, सोझा, इमानदार र मेधावी व्यक्तिलाई राजनीतिमा प्रवेश निषेध गर्ने उद्देश्यका साथ नेपालमा जालझेल र षड्यन्त्र गर्न सक्ने, खुट्टा तान्ने प्रवृत्ति भएका, झुटो बोल्ने तथा आश्वासन दिन सक्ने, लाज नभएका, बाहुबली गुन्डा र बेइमानले मात्र राजनीति गर्नुपर्छ भन्ने भाष्य तयार गरिएको छ।

कथंकदाचित् कोही सोझो र इमानदार व्यक्ति कुनै संस्था वा दलको नेतृत्व र कर्मचारी संयन्त्रको ठुलो ओहोदामा पुगिहाले पनि सर्वसाधारण जनता, नातागोता र छरछिमेकमा भएका व्यक्तिले गर्ने टिप्पणी यस्तो हुन्छ, 'ओहो ! उनी त सोझा छन्, उनले केही गर्न सक्लान् जस्तो लाग्दैन।' सर्वसाधारण जनताको अपेक्षा पनि कोही चिने–जानेको व्यक्ति ठुलो ठाउँमा पुगेमा उसले आफ्नो छोराछोरी वा आफन्तलाई राम्रो जागिर लगाइदेओस्, आफूलाई परेका बेलामा सहयोग गरोस्, लाभकारी पदमा नियुक्ति देओस्, भनेको ठाउँमा सरुवा र बढुवा गरिदेओस्, ठेक्कापट्टा मिलाइदेओस्, आफ्नो संस्थालाई आर्थिक सहयोग गरिदेओस्, आफ्नो गाउँ–ठाउँमा बढी बजेट छुट्‍याओस् भन्ने हुन्छ। आफ्ना लागि त्यस्तो अपेक्षा गर्ने जनसमूहले आफूले भनेजस्तो नभएपछि भोलिपल्टदेखि गाली गर्ने र कसैले नियमानुसार लाभ लिएको भए उसलाई 'झोले'को ट्याग भुन्ड्याइहाल्छन्।

कोही व्यक्ति कुनै प्रतिस्पर्धात्मक छनोट परीक्षामा पास भयो भने आफैँ पास भएँ भन्छ, आफू अयोग्य भएर असफल भएमा मलाई फेल गरियो भन्छ। आफू लाभमा हुन्जेलसम्म सबै ठिक र आफू वञ्चित हुनासाथ गाली गर्ने प्रवृत्ति रहेको समाजले आफूबाहेक सबैलाई झोले नै देख्छ। एक हिसाबले भन्ने हो भने यस्तो मानसिकता भएको समाजले राजनीतिकर्मीलाई पनि अवैध क्रियाकलाप गर्न उक्साउँछ। हाम्रोजस्तो व्यवस्थामा राजनीति गर्न जनसमर्थन चाहिन्छ र नियमानुसार गर्ने नेताले अपेक्षित जनसमर्थन पाउँदैन। हाम्रो समाजको मानसिकता नै झोले प्रवृत्तिको छ, जसले आफूबाहेक सबैलाई झोले देख्छ। राम्रो र नराम्रोको पहिचान नगरी विवेकशून्य समर्थन र विरोध गर्नु पनि झोले प्रवृत्ति नै हो। शब्दकोशमा जेसुकै अर्थ लाग्ने भए पनि नेपालको राजनीतिक वातावरणमा 'दास' शब्दले विवेक भएका तर बाध्यताले बोल्न नसकने समूहलाई बुझाउँछ, 'अन्धभक्त' शब्दले आफूसँग विवेक भए पनि विवेक प्रयोग नगर्ने बगाललाई बुझाउँछ, 'झोले' शब्दले आफ्नो विवेक बन्धकी राखेर गलतलाई पनि सही भन्ने जमातलाई बुझाउँछ। तसर्थ, झोले भनेको कुनै अमुक व्यक्ति होइन यो त मानसिकता हो।

**मान–सम्मान के हो ?**

जनजनको मनमनमा आदर र प्रेमसहित बस्नु मान–सम्मान हो। कसैले गरेको काम वा उसले हासिल गरेको सफलता र उसको भावनाको कदर गर्दै स्वस्फूर्त रूपमा अधिकांश जनताको मनमा निजप्रति निस्कने प्रेम र आदर नै वास्तविक मान–सम्मान हो। प्रज्ञाको शब्दकोश अनुसार 'मान' शब्दले आदर, सत्कार, सम्मान, प्रतिष्ठा, दर्जा, पदवी लगायत अनेक अर्थ दिन्छ, त्यस्तै 'सम्मान' शब्दले प्रतिष्ठा, इज्जत, विशेष मान, ठुलो आदर, सत्कारलाई बुझाउँछ। मान–सम्मानका लागि पैसाभन्दा पनि इज्जत र आदर जरुरी हुन्छ।

पुरस्कार हो भने त्यसमा केही उपहार, मेडल, पारितोषिक वा इनाम दिइन्छ। पंक्तिकारले सुरुवातमा भनेजस्तै राष्ट्रप्रमुखले राष्ट्रपति कार्यालयमा निमन्त्रणा गरेर प्रशंसा गर्नु, बधाई दिनु र सम्मान गर्नु पनि त ठुलो मान हो। जो–कोहीलाई त्यसरी राष्ट्रप्रमुखले मान–सम्मान दिँदैनन् र यस्तो मान–सम्मान पैसाले किन्न पनि सकिन्न। जो–कोहीलाई राष्ट्रपति निवासमा विनाकाम प्रवेश गर्न पनि निषेध गरिएको हुन्छ। मान–सम्मान गर्न कुनै मूल्यवान् वस्तुको आवश्यकता हुँदैन। सर्वसाधारण नागरिकका लागि कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको उपलब्धिमा कुनै व्यापारीले दिएको लाखौँ रकमको इनामभन्दा राष्ट्रको अभिभावक राष्ट्रप्रमुखले दिएको धन्यवाद मूल्यवान् र ऐतिहासिक हुन्छ, हुनुपर्छ। पैसा चलायमान हुन्छ, अस्थायी हुन्छ तर सम्मान चिरस्थायी हुन्छ। एमएफएन च्याम्पियन रवीन्द्र ढाँटलाई सरकारले पाँच लाख रुपैयाँ दिने घोषणा गरिसकेको छ, साथै उचित समयमा थप सम्मानित र पुरस्कृत गर्ने नै छ तर विनापुरस्कार राशिको सम्मानलाई पनि हामीले अपमान गर्नु हुँदैन, राम्रो कुराको प्रशंसा पनि गर्न सिक्नुपर्छ।

**किन नकारात्मकता ?**

संसारमै नेपाल यस्तो देश हो, जहाँ सबैभन्दा बढी राजनीतिकै गफ हुन्छ। यस्तो लाग्छ, नेपालमा चियापसलदेखि पाँचतारे होटलसम्म गफ दिनेहरू, कार्यालय सहायकदेखि सचिवसम्मका पदधारीहरू, मगन्तेदेखि खर्बपतिसम्म, दूरदराजका कुनाकन्दरादेखि सहरबजारसम्मका सबै व्यक्ति राजनीतिशास्त्रका धुरन्धर विद्वान् हुन्। उनीहरूलाई राष्ट्रपति, प्रधानमन्त्रीदेखि सर्वोच्च अदालतका न्यायाधीश लगायत सबै उच्च ओहोदामा पदासीन व्यक्तिले के गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने कुराको सबै समाधान हुन्छ तर उनीहरूमध्ये कपितयले एक लिटर पेट्रोल वा एक गिलास रक्सी वा मासुभात वा सामान्य आश्वासनमा आफ्नो विवेक र चेतना साटिएको कुरा थाहै पाउँदैनन्। नेपालका हरेक तह र तप्कामा राजनीतीकरण भन्दा पनि पार्टीकरण भएको छ। विद्यार्थी, शिक्षक, पत्रकार, व्यापारी, न्यायसेवा, निजामती सेवा, किसान, मजदुर लगायत यावत् क्षेत्रमा यहाँसम्म कि देवालय र मन्दिरमा समेत पार्टीकरणले गहिरो जरो गाडेको छ। कहिलेकाहीँ त यस्तो लाग्छ कि नेपालका देवता पनि पार्टीमा विभाजित छन्।

नेपालमा सामाजिक सञ्जालका प्रयोगकर्ता अनियन्त्रित भएका छन्। कसैको मान–सम्मान र प्रतिष्ठाको ख्याल नगरी खुला रूपमा गालीगलौज गर्ने र अपमान गर्ने प्रवृत्ति बढेको छ। सामाजिक सञ्जालमा राष्ट्रपति, प्रधानमन्त्री लगायत अति विशिष्ट र विशिष्ट व्यक्तिदेखि विपक्षी दलका नेता, सरकारी कर्मचारी, नाम चलेका व्यापारी, कलाकार सबैको दोहोलो काढिएको हुन्छ। मूलधारका पार्टीहरूमा दशकौँदेखि नेतृत्व परिवर्तन नहुनुन्र सत्तास्वार्थमा आफ्नो सिद्धान्तलाई बिर्सनुन्र सिद्धान्तहीन र एजेन्डाहीन गठबन्धन परिवर्तन गरिराख्नुन्र वर्ष फेरिनुभन्दा बढी सरकार फेरिनुन्र यसले गर्दा मन्त्री, भूतपूर्व मन्त्रीहरू, माननीयहरू र तिनका कार्यकर्ताहरू बढ्नुन्र हरेक ठाउँमा भागबन्डा र कोटाको किचलो हुनु आदिले जनतामा चरम निराशा छाएको छ। सामाजिक सञ्जालमा देखिने सघन नकारात्मकता सायद यस्तै क्रियाकलापको उपज हो र समग्रमा भन्ने हो भने यो अवस्थाका लागि नेता जनता सबै जिम्मेवार छन्।

**निष्कर्ष**

जनताले सुशासन, स्थिरता, शान्ति र विकासका साथै मूलधारका पार्टीमा नेतृत्व परिवर्तन चाहेको कुरा कसैबाट लुकेको छैन। हरेक दशकमा व्यवस्था परिवर्तन गर्दा–गर्दा थाकेका जनताले व्यवस्था होइन अवस्था परिवर्तन चाहेका हुन्। अहिले राजनीतिलाई हेर्ने दृष्टिकोण र राजनीति राम्रो मान्छेले गर्ने कुरो होइन भन्ने भाष्य परिवर्तन गर्नु नितान्त जरुरी छ।

राम्रा, होनहार, दूरदृष्टि भएका र इमानदार युवालाई राजनीतिमा प्रवेश गर्ने वातावरण बनाउनु आजको आवश्यकता हो। कुनै पार्टीको सदस्य हुनासाथ त्यसलाई झोले देख्ने समाजमा कसरी राम्रो व्यक्तिले राजनीतिमा प्रवेश गर्लान् भन्ने आजको यक्ष प्रश्न हो। देश हाँक्ने नै राजनीतिले हो र राजनीतिमा योग्य मान्छे हुनैपर्छ भन्ने आम बुझाइ हो। राजनीति गर्न पार्टी चाहिन्छ, पार्टी हुन सदस्य चाहिन्छ र सदस्यतामै राम्रा व्यक्ति निषेध गरिए कसरी राम्रो नेतृत्व निर्माण हुन्छ ? हाम्रो समाजको झोले मानसिकताको अन्त्य नभएसम्म देशको उन्नति र प्रगतिमा झोले बाधक नै बनेर तेर्सिइरहनेछ।

## जनकपुर तनावग्रस्त,...

प्रहरीले ११ राउण्ड अश्रुग्यास प्रहार गरेको थियो। दुईजना घाइते भएका थिए।

डीएसपी सिंहका अनुसार आज दुवै समुदायका भद्र भलाद्मी र प्रहरी प्रशासन बसेर दुवै समुदायको सहमतिमा उक्त चोकबाट झण्डा हटाउने सहमति भएको थियो। सोही सहमति अनुसार प्रहरीले मुस्लिम समुदायले लगाएको झण्डा हटाएको र हिन्दू समुदायले लगाएको झन्डा हटाउन खोज्दा ढुंगामुढा भएको हो। अहिले त्यहाँ बाक्लो मात्रामा प्रहरी परिचालन गरिएको छ।

# महोत्तरीमा मखान खेती : सांस्कृतिक पहिचान जगेर्ना गर्दै किसानलाई आर्थिक समृद्धितिर लम्काउँदै





जनकपुरधाम, १५ भदौ। मिथिलामा मखानको धेरै महत्व छ। मिथिला संस्कृतिमा जन्मदेखि मृत्युसम्म मखानको प्रयोग हुन्छ। परिणामस्वरुप मखानको माग बढ्दो छ भने नेपालमा यसको व्यावसायिक खेती निकै कम हुँदा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था छ। मिथिलामा मखानको बढ्दो मागका कारण पछिल्लो समय महोत्तरी जिल्लाको मठिहानीमा यसको व्यावसायिक खेती हुँदै आएको छ। मखान खेती महोत्तरी जिल्लाको विशेष र पहिचानयोग्य कृषि गतिविधि हो।

महोत्तरी जिल्लाको मठिहानी नगरपालिका र अन्य स्थानहरूमा मखान खेती हुने गरेको छ। यसको व्यावसायिक खेतीले कृषकहरूको जीवनस्तरमा समेत ठुलो परिवर्तन ल्याएको छ। मखान खेतीका लागि महोत्तरी निकै चर्चित छ। यस क्षेत्रका सहनी, मलाह समुदायका मानिस मखान खेतीमा संलग्न छन्। यो परम्परागत खेती प्रायः स्थानीय नदी, तलाउ र पोखरीहरूमा गरिन्छ, जहाँ मखानको फूल र बिउ उत्पादन हुने गर्छ।

मखान एउटा जलजन्य खेती हो, जसलाई अन्नको रूपमा प्रयोग गर्न सकिन्छ। यसको खेती विशेष प्रकारका पानीका स्रोतमा गरिन्छ र यसका लागि विशेष मौसम र हावापानी आवश्यक हुन्छ। महोत्तरीका कतिपय किसानले पुस्तौँदेखिको परम्परालाई निरन्तरता दिँदै मखान खेती गर्दै आएका छन्। महोत्तरी जिल्लाका विभिन्न पालिकामा मखान खेती हुँदै आएको छ। खासगरी बलबा नगरपालिका, भंगहा नगरपालिका, लोहारपट्टी नगरपालिका, मठिहानी नगरपालिका र जलेश्वर नगरपालिकामा यसको खेती बढी हुने गर्छ। यहाँका किसानले मखान खेतीलाई मुख्य पेसाका रूपमा अँगालेका छन् र यसलाई आर्थिक समृद्धिको स्रोत बनाएका छन् ।

मखान खेती गर्दै आएका किसान दिनेश सहनीका अनुसार मखान उत्पादनमा धेरै लगानी आवश्यक पर्दैन। यद्यपि मेहनत र समय भने निकै लाग्ने उनको भनाइ छ। किसानहरूले चैत महिनामा मखानको बिउ रोप्छन् भने भदौदेखि कार्तिकसम्म छानेर सङ्कलन गर्छन्। बाँकी ६ महिनामा भने त्यही पोखरीमा माछा पालन गर्ने भएकाले वर्षभर नै जलमार्फत आम्दानी हुने गरेको छ। यही कारण हाल मखान खेतीप्रति किसानहरूको आकर्षण दिन प्रतिदिन बढ्दो छ। 'मिथिला मखाना' नामक संस्थाले महोत्तरीको भंगहा नगरपालिकामा हाल ६० बिघा क्षेत्रफलमा मखान खेती गरिरहेको छ। संस्थाका सञ्चालक महेश सहनीका अनुसार २०७२ सालदेखि खेती सुरु गरिएको हो। प्रारम्भमा १० बिघामा सुरु गरिएको खेती अहिले विस्तार भएर ६० बिघा क्षेत्रफलमा पुगेको छ।

सहनीका अनुसार हालसम्म करिब ८० लाख रुपैयाँ लगानी भइसकेको छ भने वार्षिक रूपमा राम्रो आम्दानी भइरहेको छ। यस पेसाप्रति आफू निकै सन्तुष्ट रहेको उनले बताए। सहनीले थपे, 'यो पेसा पुस्तौँदेखि हुँदै आएको हो, त्यसैले यो खेती गर्न मलाई निकै सहज लाग्छ।' उनले पछिल्लो वर्ष ८० टन उत्पादन भएको जानकारी दिए। यस वर्ष १२० टन उत्पादन हुने उनको अनुमान छ। व्यापारीसँग १ हजार ३ सय देखि १ हजार ४ सय रुपैयाँ प्रतिकिलोमा किसानले बेच्ने गरे पनि बजारमा पुग्दा दुई हजार रुपैयाँ प्रतिकिलोमा बिक्री हुने गरेको उनको भनाइ छ।

मखानको उत्पादनपछि कृषकहरू त्यसलाई थोकमा बेच्न स्थानीय बजार र व्यापारिक क्षेत्रहरूमा पुग्ने प्रयास गर्दछन्। मिथिला क्षेत्रको संस्कृतिमा मखानको गहिरो सम्बन्ध रहेकाले स्थानीय बजारमै यो खपत हुन्छ। पण्डित डा.गोविन्द चौधरीका अनुसार मिथिलामा पान मखान र माछाको धेरै महत्त्व छ। 'पूजामा मखान नभए प्रसादलाई अधुरो मानिन्छ,' उनले भने, 'मखानविना श्राद्ध पनि अधुरो हुन्छ।' पान मखान दुर्लभ रहेको उनको भनाइ छ। यसरी मखानको सांस्कृतिक महत्त्वले यसको व्यापारलाई थप प्रोत्साहन दिएको उनले बताए। किसान सरोज सहनीले भने, 'मखानको थोक बजारमा मूल्य १४०० रूपैयाँसम्म पुग्छ, काचो मखानलाई ३५० रुपैयाँको दरले किनेर त्यसलाई भुटेर मखान तयार बनाइन्छ। ३ किलो काचो मखानबाट १ किलो मखानको फूल तयार हुन्छ।'

मठिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले मखान खेती मठिहानीको ऐतिहासिक विशेषता भएको बताए। मखान खेती प्रवर्द्धनका लागि आफूले प्रधानमन्त्री केपी ओलीलाई मखान उपहारसमेत प्रदान गर्दै यसको व्यावसायिक उत्पादन र बजार विस्तारमा सहयोग पुऱ्याउन आग्रह गरेको उनले जानकारी दिए। प्रदेशका मुख्यमन्त्रीलाई पनि मखान खेती प्रवर्द्धन गर्न अनुरोध गरेको नगरप्रमुख मण्डलले बताए। उनका अनुसार मखान खेतीलाई प्रोत्साहन गर्न किसानलाई ब्यान्डिङ मेसिन, बोरा (थैला), भुट्ने सामग्री, तालिम तथा अनुदानको व्यवस्था नगरपालिकाले गरेको छ।

विशेष गरी मखान खेती गर्दै आएका मठिहानी नगरपालिका–७ पूर्वारी टोलका सहनी र मुस्लिम समुदायका किसानलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन भइरहेको उनले उल्लेख गरे। सोही वडामा व्यक्तिगत रूपमा मखान खेती गर्दै आएका किसान संजय सहनीले गुठीबाट वार्षिक ९ लाख रुपैयाँ भाडा तिरेर ६ बिघा जग्गामा खेती गरिरहेका छन्। घाटा भए पनि गुठीले रकममा कुनै छुट नदिएको उनको गुनासो छ। निजी व्यक्तिबाट भाडामा लिएको थप ८ बिघा पोखरी आफूलाई आम्दानीको अतिरिक्त स्रोत बनेको उनको भनाइ छ।

पूर्वारी टोलकी ५० वर्षीया लक्षा खातुन किसानहरूले उत्पादन गरेका काँचो मखान सङ्कलन गरी भुटेर तयार पार्ने काम गर्दै आएकी छन्। उनका अनुसार भदौ, असोज र कात्तिक गरी तीन महिनासम्म यो काम हुने गर्छ, जसमा उनको सम्पूर्ण परिवारले सहयोग गर्ने गर्दछ। खातुनका अनुसार मखान भुटाइबाट वार्षिक करिब तीन लाख रुपैयाँ आम्दानी हुने गरे पनि तीन महिनामात्र सीमित हुने भएकाले यसले परिवारको वर्षभरिको खर्च धान्न पुग्दैन। त्यसैले बाँकी समयमा आम्दानीका लागि अन्य काम गर्ने गरेको उनले बताइन् ।

मखान खेतीले स्थानीय समुदायमा एकता र सहकार्यको भावना पनि बढाएको छ। ठुला पोखरीमा सामूहिकता र आपसमा सहकार्यका साथ खेती गर्नुपर्ने भएकाले यसले एकता र सहकार्यलाई बढावा दिने स्थानीय बताउँछन्। सामाजिक अभियन्ता डा. सरोज ठाकुरले मखान खेतीको भविष्य महोत्तरी जिल्लामा उज्ज्वल रहेको बताए। उनले भने, 'यसको बजार विस्तार हुँदै गएको छ र यसको उत्पादनमा बढोत्तरीको सम्भावना छ।' स्थानीय कृषकहरूलाई तालिम र स्रोत उपलब्ध गराउने कार्यक्रम स्थानीय तहबाट भइरहेका कारण, मखान खेतीले किसानको आर्थिक अवस्था सुधार गर्ने देखिन्छ।

# जिशिअ, प्रअ र विव्यस अध्यक्षसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, १५ भदौ। खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला शिक्षा अधिकारीहरू डा. गणेशप्रसाद भट्टराई, केशवप्रसाद दाहाल र ज्ञानमणि नेपाल तथा कार्यालयका लेखा अधिकृत भुवनप्रसाद आचार्य, लेखापाल सुरेशकुमार श्रेष्ठ, सब–इन्जिनियर शिवराज राईविरुद्ध मुद्दा दायर गरेको हो। यस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू पृथ्वी दाहाल र शेषकुमार पौड्याल, प्रधानाध्यापकहरू राजेन्द्रप्रसाद दाहाल, ऋषिराम पोखरेल, नयनकुमार राई, विद्यालयका लेखापाल सीता कार्की र भवन निर्माण गर्ने जिम्मेवारी पाएका अर्जुन तामाङविरुद्ध मुद्दा दायर भएको छ।

खोटाङको हलेसी तुवाचुङ नगरपालिका–४ मा श्री लक्ष्मी माध्यमिक विद्यालयको भवन निर्माण गर्दा डीपीसी मात्र तयार गरी रकम हिनामिना गरेको अख्तियारले विशेष अदालतमा दायर गरेको अभियोगपत्रमा उल्लेख छ। विद्यालयको ४ कोठे आरसीसी भवन निर्माणका लागि ३० लाख रुपैयाँमा सम्झौता भएकोमा २ लाख ७२ हजार ३ सय २८ रुपैयाँ ६१ पैसा बराबरको मात्र काम देखिएको अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले बताउनुभयो।

# मधेसमा पनि 'स्पेस' बढाउँदै विद्या भण्डारी



**सागर न्यौपाने**

काठमाडौं, १५ भदौ। नेकपा एमालेको मधेस प्रदेशमा संगठन र जनमत बलियो छ भन्ने त २०७९ को चुनावी परिणामले देखाइसकेको छ। ८ जिल्ला रहेको मधेसमा एमाले स्थानीय तहको चुनावमा धेरै पालिका जित्ने दोस्रो पार्टी बन्यो। प्रतिनिधि र प्रदेश सभा चुनावमा त सबैभन्दा बढी सिट जितेर मधेसको पहिलो दल नै भयो। एमाले पोलिटब्युरो सदस्य एवं पूर्वमन्त्री पुरुषोत्तम पौडेल मधेस प्रदेश एमाले राजनीतिको उर्वर भूमि रहेको बताउँछन्। पौडेलका अनुसार संगठन, कार्यकर्ताको सक्रियताका आधारमा मधेस प्रदेशको रौतहट र बारा जिल्लामा एमालेको प्रभाव बढी छ। यही ठाउँबाट पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो प्रभाव विस्तार थालेकी छन्। बागमती, कोसीमा आफ्नो पक्षमा खुलेका नेता–कार्यकर्ता देखेर उत्साहित भण्डारी अब भने मधेस प्रदेशमा प्रभाव जमाउने दाउमा छिन्।

एमाले विधान महाधिवेशन अगाडि भण्डारी मधेस पुग्नुलाई अर्थपूर्ण रुपमा हेरिएको नेताहरू बताउँछन्। पार्टी सदस्यता नवीकरण रोकेपछि पनि एमालेमै सक्रिय रहेकी भण्डारी पार्टी निर्णय विरुद्धमा उत्रिएकी छन्। सोही क्रममा शनिबार (भदौ १४) बिहान उनी बारा जिल्ला पुगिन्। सिमरा विमानस्थलमै उनको स्वागतमा एमालेका नेता कार्यकर्ता झुम्मिए। केहीबेर भेटवार्ता गरेर आफ्ना कुरा राखेपछि भण्डारी वीरगन्ज उद्योग वाणिज्य संघले आयोजना गरेको महिला सम्मेलन उद्‌घाटन गर्न पर्सातर्फ अघि बढिन्। जहाँ बारा, पर्सा र रौतहटका ३ सय महिला प्रतिनिधि सहभागी थिए। भण्डारीले फरक विधाबाट विभिन्न क्षेत्रमा योगदान गरेर छानिएका २५ जना महिलाहरूलाई सोही कार्यक्रममा सम्मान गरिन्।

यद्यपि, सो कार्यक्रम झण्डै महिना दिनपहिले नै तय भएको र भण्डारी पूर्वराष्ट्रपतिकै हैसियतमा सहभागी भएको एमाले पोलिटब्युरो सदस्य पौडेल दाबी गर्छन्।

**राजनीतिक सन्देश**

भण्डारीले आफू एमालेमा सक्रिय भइसकेको र पछि फर्कने अवस्था नभएको प्रस्टसँग सार्वजनिक रुपमा भनिसकेकी छन्। यहीकारण अध्यक्ष केपी शर्मा ओलीसँग उनको सम्बन्ध सुमधुर बन्न सकेन। उपाध्यक्ष अष्टलक्ष्मी शाक्यका अनुसार ओली भण्डारीलाई जसरी पनि रोक्न चाहन्छन्। भदौ २०–२२ सम्म हुने विधान महाधिवेशनका प्रतिनिधिलाई अध्यक्ष ओलीले बालुवाटारमै बोलाएर प्रशिक्षण दिन थालेपछि भण्डारी पनि सकेसम्म पदाधिकारी तहदेखि केन्द्रीय सदस्य र विधान महाधिवेशन प्रतिनिधिलाई भेट्ने योजनामा छिन्। सोही अनुसार पर्सा गएको बेला उनले मधेसका कम्तीमा चार जिल्लाका नेता–कार्यकर्तासँग भेटिन्। आफ्नो सदस्यता रोक्ने ओलीको निर्णयविरुद्ध आवाज उठाउनुपर्ने, उमेर हद र दुई कार्यकालको प्रावधानका विषयमा प्रतिनिधिलाई जानकारी गराइन्।

पोलिटब्युरो सदस्य पौडेलले भण्डारीको दौडधुपको राजनीतिक अर्थ रहेको बताए। पार्टीले भण्डारीको सदस्यता नवीकरण नगरेर अन्यायपूर्ण व्यवहार गरेको पौडेल बताउँछन्। 'पार्टी निर्णय जे भए पनि मधेसले भेदभाव गर्दैन, मधेस गुट पनि जान्दैन,' पौडेलले थपे, 'कम्युनिस्ट नेताहरुलाई मधेसले सम्मान गर्छ, विद्या भण्डारीको बारेमा मधेस झन् प्रभावित देखियो।' एमालेको साउन ६ गतेको केन्द्रीय कमिटी बैठकले भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णय लिएको थियो। असार १४ गते काठमाडौँमा मदन भण्डारी जयन्तीको कार्यक्रममा भण्डारीले एमालेमा औपचारिक रुपमा सक्रिय भएको घोषणा गरेकी थिइन्। उनले वैशाखमै आफ्नो सदस्यता नवीकरण समेत भइसकेको खुलाएकी थिइन्। त्यसलगत्तै उनले एक टेलिभिजनलाई अन्तर्वार्ता दिएर आफू एमालेको नेतृत्व गर्नेगरी सक्रिय भएको बताएकी थिइन्। तर, त्यसपछि एमाले अध्यक्ष केपी शर्मा ओली उनीसँग रूष्ट बने। ओलीले केन्द्रीय कमिटीबाट निर्णय गराएर भण्डारीलाई रोक्न खोजेका छन्।

'पार्टीको निर्णय सबैले मान्नुपर्छ। सदस्यता नवीकरणको विषय अध्यक्ष र विद्या भण्डारीको कुरा हो,' उनले भने। पार्टीले राष्ट्रपति बनाइसकेपछि सम्मानित भएर बस्न मण्डलले भण्डारीलाई सुझाव दिए। 'मधेस आएर उहाँको पक्षमा माहोल बन्यो कि बनेन भन्न सक्दिनँ। उहाँको पार्टी एउटै हो। एउटै पार्टीमा को पक्ष, को विपक्ष। यहाँ (मधेस) पार्टी यो पक्ष, त्यो पक्ष गर्न भएन,' उनले थपे। नेताहरूका अनुसार बारा, रौतहट र सिरहामा एमालेको संगठन बलियो भएको ठाउँ हो। धनुषा र पर्सामा पनि एमाले बलियो छ।

# विवाहको दुई महिनामै दीपाको शंकास्पद मृत्यु, दाइजो नदिँदा हत्या गरेको माइती पक्षको दाबी





राजविराज, १५ भदौ। सप्तरीको महादेवा गाउँपालिका–१ सोनरा टोलमा दुई महिनाअघि नै विवाह भएकी २१ वर्षीया दीपाकुमारी यादवको शंकास्पद मृत्यु भएको छ। दुई महिनादेखि उनलाई पति २५ वर्षीय दिपककुमार यादव र ससुरा परशुराम यादवले गालीगलौज गर्दै थप दाइजो ल्याउन तनाब दिँदै आएका थिए।

पछिल्लो पटक शुक्रबार दिपकले दीपाकी भाउजु डाक्नेश्वरी नगरपालिका–४ भुतहीकी सुजितालाई नै फोन गरेर अर्को विवाह गर्छु भनी धम्की दिँदै दीपालाई लैजान भनेका थिए। तर, त्यसलगतै पटक–पटक अबेर रातिसम्म फोन फर्काउँदा पनि कसैले फोन नउठाएको सुजिताले बताइन्।

शनिबार सोनरा टोलभन्दा छेउको गाउँमा फोन गर्दा उनीहरुको घरमा विवाहपछि झै–झगडा हुँदै आएको विषय थाहा पाएपछि सोनराका लागि निस्किँनै लाग्दा दीपालाई अस्पताल ल्याएको कुरा जानकारीमा आएको उनले बताइन्। बिरामी परेको भन्दै पति दिपक र ससुरा पर्शुरामसहितकाले शनिबार दीपालाई गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याएका थिए। तर, उनको अस्पताल ल्याउनुअघि नै मृत्यु भइसकेको अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा.दिलिपकुमार साहले बताए।

दीपाको शव अस्पतालको शवगृहमा राखिएको छ भने उनका परिवारले दीपाको हत्या भएको भन्दै प्रहरीमा जाहेरी दिएका छन्। 'असार ४ मा विवाह हुँदा हामीले सकेजति दहेज (दाइजो) दिएकै हो तर विवाहपछि पनि थप दहेज माग्दै थियो,' दीपाका ठुलो बुवा भगवतीप्रसाद यादवले भने, 'भाइ संजिव वैदेशिक रोजगारी गरेर ती बेला २५ लाख रुपैयाँ खर्च गरेकै हो, थप दहेज दिनसक्ने अवस्था थिएन।'

दाइजो नदिँदा दिपक र परशुराम मिलेर योजनाअनुसार दीपाको हत्या गरेको उनको दाबी छ। 'दीपा विरामी परेको भए हामीलाई जानकारी गराउथ्यो नि, उल्टै पटक–पटक फोन गर्दा पनि उठाएन' उनले भने, 'हामीलाई न्याय चाहियो, न्यायको लागि सहयोग गर्न सबैमा अपिल गर्दछु।' सप्तरी प्रहरीका प्रवक्ता डीएसपी जितेन्द्रकुमार बस्नेतले घटना शंकास्पद रहेको भन्दै अनुसन्धानका लागि मृतकका पति र ससुरालाई नियन्त्रणमा लिएको बताए। 'घाँटीमा निलडाम पनि देखिएको छ अनि सुरुमा उनीहरुले प्रहरी वा दीपाका परिवारलाई पनि जानकारी गराएको छैन्' उनले भने, 'शव पोस्टमार्टमका लागि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाउने तयारी भइरहेको छ।'

# करेन्ट लागेर सिरहामा दुई जनाको मृत्यु

सिरहा, १५ भदौ। सिरहामा शनिबार करेन्टमा दुई जनाको मृत्यु भएको नेपाल प्रहरीले जानकारी दिएको छ। सिरहा नगरपालिका–४ रमौल बस्ने इद महमदको छोरा १५ वर्षीय मो अम्मादको करेन्ट लागेर शनिबार राति मृत्यु भएको छ। आफ्नै घरको कलमा जडान गरिएको विद्युतीय मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल सिराहामा उपचारको क्रममा मृत्यु भएको हो। यसैगरी सिरहाकै लहान नगरपालिका–१९ कटहा बस्ने ४० वर्षीय कमकलाल सदायको करेन्ट लागेर शनिबार दिउँसो मृत्यु भएको छ। आफ्नै घरमा सिटी रिक्सा चार्ज गरी चार्जर झिक्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको कामना अस्पताल लहानमा उपचारको क्रममा मृत्यु भएको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# दुईको मृत्यु, एक घाइते

बारा, १५ भदौ। बारामा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार वीरगञ्ज–पथलैया सडकखण्डमा आइतबार दिउँसो दुई मोटरसाइकल ठोकिँदा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको हो। दुर्घटनामा अर्को एक जना गम्भीर घाइते छन्। सिमराबाट पथलैया जाँदै गरेको बा ९० प्र ६७९४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको बा ०६–००३ प्र १७५३ नम्बरको मोटरसाइकल ठोकिँएका हुन्।

दुर्घटनामा सप्तरी, विष्णुपुर नगरपालिका–७ का २८ वर्षीय महेश पण्डित र रौतहट जिल्ला गुजरा गाउँपालिका–७ परसवाका २५ वर्षीय रोशन चौधरीको उपचारकोक्रममा मृत्यु भएको हो। पण्डितको परवानीपुरस्थित एलएस न्युरो अस्पताल र चौधरीको प्रादेशिक अस्पताल कलैयामा उपचारकोक्रममा मृत्यु भएको हो।

# मोबाइल चोरी आरोपमा कुटिएका दलित युवाको मृत्यु, हत्या दाबी गर्दै प्रहरीमा जाहेरी

**शैलेन्द्र महतो**

जनकपुरधाम, १५ भदौ। मोबाइल चोरीको आरोपमा कुटपिट गरिएका रौतहटका एक दलित युवाको मृत्यु भएको छ। वीरगञ्जस्थित स्पोर्ट अस्पताल भर्ना भएका रौतहट कटहरिया नगरपालिका–४ बहादुरपुरका २८ वर्षीय नसिव बैठाको ११ भदौमा मृत्यु भएको हो। मृतकका भाइ दर्शन बैठाका अनुसार घटना १६ र १७ साउनको हो। १६ साउनमा कटहरिया बजारको एक खाजा पसलमा स्थानीय ३२ वर्षीय गर्भुदयाल सर्भङ्गले आफ्नो मोबाइल चोरी भएको आरोप लगाएर अन्य केही युवाको सहयोगमा नसिवमाथि कुटपिट गरेका थिए।

त्यसको भोलिपल्ट १७ साउनमा पनि गाउँकै सञ्जय यादव र उनका भाइ विजय यादवले आफ्नो मोबाइल चोरी गरेको आशंकामा नसिवलाई गाउँभन्दा पर आँपको बगैँचामा लगेर निर्घात कुटपिट गरे। 'रुखमा उल्टो झुन्ड्याएर बेल्ट, साइकलको चैन, मुक्काले कुटपिट गरी मोबाइल चोरी गरेको स्वीकार्न लगाए। कुटपिटमा सञ्जय, विजय र उनका बुबा शिवनाथ यादवसमेतले निर्घात कुटपिट गरेका थिए,' भाइ दर्शनको दाबी छ।

त्यसरी कुटपिट गरिरहेको देखेपछि स्थानीय दीपलाल भन्नेले कटहरिया प्रहरी चौकीमा फोन गरे। प्रहरी आएर नसिवलाई उद्धार गरी लग्यो। प्रहरी चौकीमा छलफल भयो। तर नसिवले मोबाइल चोरी गरेको पुष्टि भएन। त्यही दिन साँझ नसिवलाई प्रहरीले छोडिदियो। 'कुटपिट भइरहेको भनेर प्रहरीमा खबर आएको थियो। प्रहरी पुग्दा त्यहाँ नसिवलाई बाँधिएको अवस्था भने थिएन,' इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले भने, 'मोबाइल चोरीको निवेदन परेको थियो। छलफल हुँदा चोरेको पुष्टि भएन। नसिवलाई पठाइदियौं।'

मृतकका भाइ दर्शन बैठाका अनुसार सञ्जयको मोबाइल घरमै फेला परेको थियो। त्यसको भोलिपल्टबाट कुटपिटको कारणले नसिवलाई पेट र छाती दुख्न थालेको दर्शनको दाबी छ। चार दिनपछि नसिवका बुबा बाबुलाल बैठाको मृत्यु भयो। कुटपिटको असरले शरीरमा दुखाइ बढ्दै थियो। बुबाको काजकिरिया सकेपछि नसिवलाई उपचारको लागि भदौ पहिलो साता कटहरियाको जीवन ज्योति अस्पताल लगियो। त्यहाँबाट कटहरिया हस्पिटल लगियो। त्यहाँबाट गौर अस्पताल पठाइयो।

गौर अस्पतालमा छातीमा इन्फेक्सन भएर पिप जमेको भन्दै थप उपचारका लागि वीरगञ्ज रेफर गरियो। नारायणी अस्पतालमा आईसीयू बेड खाली नभएपछि वीरगञ्जकै स्पोर्ट हस्पिटलमा उपचारको लागि भर्ना गरियो। उपचारको क्रममा ११ भदौ बुधबार बिहान ३ बजे नसिवको मृत्यु भएको भाइ दर्शनले बताए। त्यही दिन नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टमपश्चात् घर ल्याएर नसिवको अन्त्येष्टि गरिएको थियो। नसिवका ७ वर्षीय जेठा छोरा विशाल किरिया बसेका छन्।

'त्यतिबेला त नसिवको अवस्था समान्य जस्तो थियो। केही दिनपछि बिरामी परे। पछि हस्पिटल लगेपछि उपचारको क्रममा मृत्यु भएको खबर आयो,' डीएसपी कार्कीले भने। नसिवको मृत्युपश्चात् उनको परिवारले चारजनाविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएको छ। जाहेरीको आधारमा चारजनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको डीएसपी राजन कार्कीले बताए। जसमध्ये ३२ वर्षीय गर्भुदयाललाई पक्राउ गरी कारबाही अघि बढाइएको र अन्य तीनजनाको खोजी भइरहेको उनले बताए।

भाइ दर्शनका अनुसार नसिवको घरको आर्थिक अवस्था नाजुक छ। उनका चारजना स–साना छोरा छन्। बुबाआमाको वृद्धभत्ता र जनमजदुरी गरी घरपरिवार चलेको थियो। श्रीमती गीताले श्रीमान्को हत्या कुटपिटबाट भएको दाबी गर्दै हत्यारामाथि कडा कारबाही हुनुपर्ने र आफूले क्षतिपूर्ति पाउनुपर्ने माग गरिन्। 'दलित र गरिब भएकै कारण मेरो श्रीमानमाथि झुटो आरोप लगाएर कुटपिट गरी हत्या भयो। दोषीमाथि कडा कारबाही हुनुपर्यो,' गीताले भनिन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)